समाज रुपान्तरणका लागि पत्रकारिता

प्रेस काउन्सिल नेपालद्वारा "ख" श्रेणीमा वर्गीकृत

दुहबी टाईम्स
साप्ताहिक

सुनसरी जि.प्र.का.द.नं. १७८ ०७३/०७४

Duhabi Times Weekly

वर्ष ७ अंक ४३ आइतबार २१ गते साउन २०८० ;f\tflxs ;dfrf/kq (Aug. 6, 2023) मुल्य रु १०।-

JAL
PIPES & FITTINGS
जल छ, जीवनभरी चल्छ

जुनै राजनैतिक दल जितेर गएपनि सुकुम्बासीको समस्या जस्ताकोतेस्तै

दुहबी टाईम्स/न्यूजडेक्स

बर्खाका बेला जब आकाशमा चट्यांगको अवाज गुन्जिंनछ संगै कालो बादल मडारिन थाल्छ तब भोक्राहा नरसिंह ४ र ५ नं. वडा अन्तर्गत सुनसरी खोला छेउको वस्तीमा बस्दै आएका सुकुम्बासीको डरैडरमा रातदिन बित्ने गर्दछ ।

सुनसरी खोला किनारमा पुस्तौ देखि सुकुम्बासी जीवन बिताउँदै आएका दलित समुदायका राम, मुसहर उनीहरु वर्षासँगै बाढीको त्रासमा बाँच्न विवश बन्छन् ।

सुनसरी खोलामा आउने बाढी पटक पटक बस्तीमा पस्दै आएकाले फेरि कतै यस्तै नियति दोहोरिने होकि भन्ने चिन्ता उनीहरुमा उत्पन्न हुन्छ। त्यसैले त पानी दर्किन थालेपछि उनीहरु रातभर निदाउन सक्दैनन् । सुकुम्बासीहरु भन्छन् बाढी आएको बेला निदाउनै सक्दैनौं, डरैडरमा हाम्रो रातदिन बित्ने गरेको छ ।

भोक्राहा नरसिंह वडा नं. ५ सुनसरी खोला छेउको सुकुम्बासी बस्तीमा टहरोमा पुस्तौ देखि बस्दै आएका ७० बर्षिय रामानन्द राम बर्खाका बेला आफूहरुले निकै सास्ती भोग्नु परेको बताउँछन् । सुकुम्बासी भएर बस्नु कसैको चाहना नहुने भन्दै उनले बाध्यताले कष्टकर जीवन भोग्न विवश बनेको बताए ।

उक्त वस्तीमा पुग्दा गरिबको बोली कसले पो सुन्ने रहेछ गह भरि आँसु झार्दै रामले आफ्नो दु:ख वेदना ब्यक्त गरेका

बाँकी पृष्ठ ४ मा ...

गर्मि छल्न पर्यटकको रोजाईमा नमस्ते झरनामा

दुहबी टाईम्स/न्यूजडेक्स

गर्मी छल्न पर्यटकको रोजाईमा नमस्ते झरनामा भिड बढ्न थालेको छ ।

अत्यधिक गर्मि बढेसंगै आन्तरिक तथा वाह्य पर्यटकको रोजाईमा धनकुटा जिल्लाको सागुँरीगढी गाउँपालिका अवस्थित रहेको नमस्ते झरनामा घुइचो लाग्न थालेको हो ।

सागुरीगढी गाउँपालिकाको भेडेटारको चीसो हावा लिएपछिको आन्तरिक तथा वाहिय पर्यटकको प्रमुख रोजाईको गन्तव्य नै नमस्ते झरना हुने गरेको छ ।

सागुरीगढी गाउँपालिका र कोशी प्रदेश सरकारले पर्यटन पूर्वाधारसँगै सडक निर्माण गरेपछि झरना पुग्ने पर्यटकको संख्यामा वृद्धि आएको साँगुरीगढी गाउँपालिकाका स्थानीय भुपेन्द्र राईले बताए ।

अग्लो भिरबाट पानी खसेको रोमान्चित दृश्यमा रमाउन अहिले यो झरनामा पर्यटक आउने क्रम बढेको छ । रमणीय जङ्गलका बीचमा रहेको झरना वरिपरि जङ्गली जनावर र पशुपक्षी समेतको बासस्थान रही आएको छ ।

बाँकी अन्तिम पृष्ठमा ...

रोहित हत्या प्रकरणमा ६ जना पक्राउ

दुहबी टाईम्स/इटहरी

रोहित चौधरीको हत्या प्रकरणमा पक्राउ पर्ने प्रतिवादीको संख्या ६ जना पुगेको छ ।

विराटनगर वडा नं. ५ का २८ वर्षीय रोहित चौधरीको हत्या प्रकरणमा प्रहरीले थप एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्ने धरान ४ का २७ वर्षीया युनेश राई रहेका छन् । प्रहरीले उनलाई शनिवार पक्राउ गरेको संघीय प्रहरी कार्यालय धरानका एस.पी. भीम दाहालले जानकारी दिए ।

राईले गिरोहका सदस्यले प्रयोग गर्ने पेस्तोललको गोली राखिदिने गरेका प्रहरीले जनाएको छ । प्रहरीले राईको साथबाट ८ थान गोली समेत बरामद गरेको छ ।

शुक्रबार रोहितको हत्या गर्न पेस्तोल उपलब्ध गराउने अवैध हतियार कारोबारी र खुकुरी देखाएर लुटपाट गर्ने थप तीन जना पक्राउ परेका थिए । यसअघि गिरोहका मुख्य नाइकेसहित दुई जना पक्राउ परीसकेको प्रहरीले सार्वजनिक गरिसकेको हो ।

प्रहरीले विराटनगर १५ का ४१ वर्षीय अजय कुमार शर्मा, भद्रपुर नगरपालिका १ घर भई धरान उपमहानगरपालिका ८ मा बस्दै आएका प्रकाश लिम्बु र धरानका ३१ वर्षीय सुजन तामाङलाई शुक्रवार पक्राउ परेका थिए । अजयले पेस्तोल ४० हजारमा लुटपाट गर्ने समूहलाई बिक्री गरेको

बाँकी अन्तिम पृष्ठमा ...

कोशी प्रदेश मातहत प्रहरी कार्यालयद्वारा ५२ करोड बढी राजश्व संकलन



दुहबी टाईम्स/न्यूजडेक्स

कोशी प्रदेश मातहत प्रहरी कार्यालयद्वारा ५२ करोड बढी राजश्व संकलन गर्नुका साथै

१४ जिल्लामा प्रहरी कार्यालयमा ८ हजार बढी मुद्दा दर्ता भएको छ ।

कोशी प्रदेशमा ८ हजार ७१९ मुद्दा दर्ता भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

आर्थिक वर्षमा दर्ता भएको मध्ये २ हजार ७ सय ७३ वटा मुद्दा फछ्र्यौट भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता एसपी ऋषिराम कंडेलले जानकारी दिए । उनका अनुसार ५ हजार ९४६ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको बताए ।

कोशी प्रदेश प्रहरीको अनुसार कर्तब्य ज्यान मुद्दामा ७८ वटा दर्ता भएकोमा ३३ वटा मुद्दा फछ्र्यौट भएको र ४५ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । यस्तै आत्महत्या, दुरुत्साहनमा १ हजार ५५०, ज्यान सम्बन्धी मुद्दामा ७१ वटा दर्ता भएको मध्ये ६ फछ्र्यौट ६५ वटा बाँकी रहेको छ । यस्तै मानव बेचविखन १४ वटा मुद्दा दर्ता भएका मध्ये ७ वटा फछ्र्यौट भएको र ७ बाँकी रहेको, जवरजस्ती करणी मुद्दामा ५६५ वटा मुद्दा दर्ता भएका मध्ये २६४ फछ्र्यौट र ३०१ वटा मुद्दा पछ्र्यौट हुन बाँकी रहेको छ ।

यसैगरी जवरजस्ती करणी उद्योगमा १ सय १२ मुद्दा दर्ता भएको मध्ये ५० फछ्र्यौट, ६२ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको, लागूऔषधमा ७८९ मुद्दा दर्ता भएको मध्ये २८८ मुद्दा फछ्र्यौट, ५ सय १ वटा मुद्दा बाँकी रहेको छ । सामाजिक अपराधमा १ हजार ६१२ वटा दर्ता भएका मध्ये १ हजार ८२ मुद्दा फछ्र्यौट र ५३० मुद्दा बाँकी रहेको छ ।

समाजमा हुने अपराधीक घटना, फैसला कार्यान्वयन, भन्सार चोरी निकासी, नदिजन्य पदार्थ अबैध दोहन, अबैध काठ चोरी निकाशी र ट्राफिक ब्यबस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचालन भएको

बाँकी अन्तिम पृष्ठमा ...

YASHODA FOODS
CRUNCHY & CHEEEESY
PREMIUM SNACKS
Current
Hot 'n' Spicy Sticks
Current
CHEESE Balls
Current
Cheese Balls

मोरङमा लापसे गरेर सवारी चलाउने पक्राउ

दुहबी टाईम्स/विराटनगर

विराटनगर । सार्वजानिक सवारीसाधनका कर्मचारीले लापसे गरी सवारी साधान चलाउने चालकलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिई कारवाही गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यलय मोरङ, ईलाका प्रहरी कार्यलय रानी र लागु औषध व्युरोको टोलीले शुक्रबार लापसे चेकजाँचको क्रममा ९ जनालाई नियन्त्रणमा लिएको थियो ।

लागुऔषध ओसारपसार तथा नियन्त्रणको लागी प्रहरीले चालेको अभियान अन्तर्गत विराटनगर वडा नं. १६ स्थित दक्षिणगेटमा सवारी साधन चलाउनेहरुलाई चेकजाँच गर्ने क्रममा ९ जनाको लापसे परिक्षण गर्दा पोजेटिभ देखा परेपछि नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यलय मोरङका प्रमुख ट्राफिक प्रहरी निरीक्षक सुनिल कुमार श्रेष्ठले जानकारी दिए ।

यसरी परीक्षणको क्रममा लापसे गरेर सवारी साधन चलाएको पत्ता लगेपछि कारवाहीको दायरामा ल्याउने गरेको उनले बताए ।

ट्राफिक प्रहरीले लामो समयदेखि मापसे (मादक पदार्थ सेवन) चेकजाँचलाई निरन्तरता दिँदै आएको छ । ब्रेथलाइजर मेसिनको प्रयोगबाट गरिने चेकजाँचले सवारी चालकले मापसे गरे/नगरेको पत्ता लाग्छ । ट्राफिक प्रमुख श्रेष्ठले मापसे चेकजाँच प्रभावकारी देखिएको र मादक पदार्थ सेवन गर्ने सवारी चालक निरुत्साहित हुँदै गएको बताए ।

तर मापसे छाडेर सवारीका चालक तथा सहचालक

लापसेतिर लागेको सूचना आएपछि चेकजाँच अभियान सुरु गरिएको उनको भनाई रही आएको छ ।

श्रेष्ठका अनुसार लागूऔषधको सेवनका कारण दुर्घटना बढ्नुका साथै समाजमा विभिन्न प्रकृतिका अपराध पनि बढेकोले एक प्रकारको विशेष किटको प्रयोग गरेर लागूऔषध सेवन सम्बन्धी चेकजाँच गर्ने गरिएको उनले बताए। यातायात क्षेत्रलाई लागूऔषधमुक्त बनाएर सुधार गर्दै लागू पदार्थ सेवनलाई निरुत्साहित गराउने उदेश्य रहेको जानकारी दिए ।

किटमा मानिसको पिसाब मिसाएर चेकजाँच गर्दा लागूऔषध सेवन गरे/नगरेको पत्ता लाग्ने प्रहरीले जनाएको छ ।

लापसे अभियानमा जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका प्रमुख श्रेष्ठ, इप्रका रानीका प्रमुख प्रहरी निरिक्षक प्रकाश रेग्मी, जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका प्रहरी नायव निरिक्षक सुन्दर श्याम पोखरेल र विराटनगर भन्सार कार्यालय ट्राफिक प्रहरी पोष्टका प्रमुख प्रहरी सहायक निरिक्षक प्रेम साहले लापसे सेवन कर्तालाई लापसे सेवन गर्दा फाइदा र बेफाइदाको बारेमा प्रशिक्षण प्रदान गरी यसबाट हुने हानि नोक्सानीको बारेमा प्रशिक्षित गरेका थिए ।

शुक्रबार नै लापसे सेवन गरेका मोरङ जिल्लाभरीमा ५० भन्दा बढिलाई प्रहरीले नियन्त्रणमा लिएर प्रशिक्षण पश्चात छोडेको जिल्ला ट्राफिक प्रहरी कार्यलय मोरङले जानकारी दिएको छ ।

दुहबी ३ मा ...

अनुसार दुहबी वडा नं. ३ ले सो अभिमुखिकरण कार्यक्रम सन्चालन गरिएको थियो ।

दुहबी नगरपालीका वडा नम्बर ३ का वडा सदस्य मैना राईको अध्यक्षतामा स्वास्थ्यकर्मि, स्थानिय, संघ सस्था, समाजसेवी, लगायत स्थानियको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

तयारी स्वरुप वडामा अभिमुखिकरण, विद्यालयहरुमा खोप केन्द्र संचालन, खोप सहितको औषधी र जनशक्ती परिचालन गर्ने कार्य अगाडि बढाएको आधारभूत स्वास्थ्य सेवा केन्द्र दुहबी ३ का प्रमुख प्रतिमा दहालले जानकारी दिनुभएको छ ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटि दुहबी शाखाका बन्दना रोनियारले रुवेला र दादुराका भाइरसले शरीरको रोग प्रतिरोधात्मक क्षमता शक्तिलाई हप्तौंसम्म क्षति पुऱ्याइदिने भएकाले खोप अभियानमा सबैलाई सहयोगका लागि आग्रह गर्नुभएको थियो ।

आधारभूत स्वास्थ्य केन्द्र दुहबी ३ कि अ.न.मी. तथा भेक्सिनेटर सरिता यादवका अनुसार रोग कुनै पनि उमेरका मानिसलाई लागने र विशेष गरी ५ वर्ष मुनिका बालबालिकामा धेरै लाग्ने भएकाले यसपाली ६ महिनादेखी १५ वर्ष मुनीका उमेर समुहका बालबालिकालाई खोप लगाइने तयारीमा लागेको बताउनु भयो ।

कोशी प्रदेश ...

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका डि.आई.जी. राजेशनाथ बास्तोलाले सार्वजनिकिकरण कार्यक्रममा बताए ।

फैसला कार्यान्वयन तर्फ बिभिन्न अपराधमा सजाय तथा जरिवाना फैसला भई फरार रहदै आएका १ हजार ४ सय ६६ जना फरार प्रतिवादीहरु पक्राउ गरी ९ सय ४३ बर्ष ७ महिना २ दिन कैद र ४ करोड २४ लाख १२ हजार ३ सय २२ रुपैयाँ राजश्व संकलन भएको कोशी प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

यसैगरी भन्सार चोरी निकाशी तर्फ अबैध रुपमा समान चोरी निकाशी गर्ने एक सय जना मानिस पक्राउ गर्नुका साथै २६ करोड ९८ लाख ३८ हजार ९ सय ८० रुपैयाँ राजश्व संकलन भएको छ । यस्तै नदिजन्य पदार्थको अबैध रुपमा दोहन गर्ने ७४ जना मानिस र ३३३ वटा नदिजन्य पदार्थ उत्खनन गर्ने र ओसार पसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै ३९ लाख २८ हजार ५ सय ३५ रुपैयाँ राजश्व संकलन भएको जनाएको छ ।

यसैगरी अबैध काठ चोरी निकासी गर्ने ३८ जना मानिस पक्राउ गर्नुका साथै ५ हजार ९ सय ६१ क्यू.फिट. काठ बरामद गरी १ करोड ३१ लाख ४५ हजार ३ सय ५७ रुपैयाँ राजश्व संकलन भएको छ ।

यसैगरी ट्राफिक ब्यबस्थापन तर्फ यस आर्थिक बर्षमा ट्राफिक नियम उलंघन गर्ने ३ लाख १ हजार ७ सय ४९ वटा सवारी साधनलाई कारवाही गर्दा २३ करोड ४८ लाख ६६ हजार रुपैयाँ राजश्व संकलन भएको जानकारी दिएको छ ।

यसैगरी लागूऔषध नियन्त्रण तर्फ गाँजा ५ हजार ८ सय १५ केजी ४९२ ग्राम ७०० मिलीग्राम, अफिम २७ ग्राम ६८ मिलिग्राम, ब्राउनसुगर २ केजी ७९ ग्राम ८४९ मिलिग्राम, बिभिन्न मनोद्धिपक क्याप्सलु २७ हजार ६ सय १८, मनोद्धिपक एम्पुल १० हजार १ सय ७५ र मनोद्धिपक औषधीहरु ३१७ क्याप्सुल नियन्त्रण गरिएको र १ हजार ७ सय ६३ रोपनी क्षेत्रफलमा लगाएको ६ लाख ७५ हजार ३ सय १४ बोट गाँजा नष्ट गरिएको छ । यस आर्थिकमा कुल ५२ करोड १७ लाख ७८ हजार ८ सय ७२ रुपैयाँ राजश्व संकलन भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले तथ्याङ्क मार्फत जनाएको छ ।

यसका साथै यस आर्थिक बर्षमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत प्रदेश भरी बिभिन्न किसिमका सचेतना मुलक कार्यक्रमहरु तिब्रताका साथ संचालन गरिएको छ । जस अन्तरगत साईबर अपराध, आत्महत्या न्युनिकरण, ट्राफिक सचेतना, घरेलु हिंसा, महिला हिंसा, मानव बेचबिखन लागुऔषध दुर्ब्यसन लगायत ३६ हजार ८ सय ८१ स्थानमा बिभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गरीएको र उक्त कार्यक्रमबाट १० लाख ३१ हजार ३५१ जना भन्दा बढी नागरीकहरु लाभान्वित भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको सभाहलमा पत्रकार सम्मेलन मार्फत तथ्याङ्क सार्वजनिकिकरण गरिएको थियो ।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ।

त्यसैले:

➢ खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
➢ पानी उमालेर मात्र पिऔं।
➢ उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं।
➢ पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

गर्मी बढेसँगै ...

सुनसरीमा अत्याधिक गर्मी भएपछि सुनसरीबाट स-परिवार भेडेटार पुगेका आयुष यादव केही क्षण भेडेटारको विश्राम पश्चात नमस्ते झर्ना पुगेको बताउनुभयो ।

विगतमा आन्तरिक पर्यटक मात्र आउने गरेको नमस्ते झरनामा पछिल्लो समय नेपालको छिमेकी मुलुक भारतबाट पर्यटक समेत आउने मिलन राईले बताए ।

यस झरनाको प्रचार-प्रसार र आवश्यक भौतिक पूर्वाधार निर्माण भएकोमा थप भौतिक पूर्वाधार निर्माण गर्नु पर्ने राईले तर्क गरे ।

झरनाले पर्यटन प्रवर्द्धनका लागि यस क्षेत्रका बासिन्दाको आय-आर्जनमा समेत टेवा पुग्नेको कला, संस्कृतिको जगेर्नामा आफुहरु सक्रिय रुपले अगाडी बढेको राईको धारणा रहेको छ ।



गरेको सागुरीगढी गाउँपालिकाका स्थानीय मुकेश लिम्बुले बताए ।

लिम्बुले दिन प्रतिदिन नमस्ते झरनाको चर्चा चुलिदै गएको र चर्चा चुलिदै गएका कारण विगतमा आन्तरिक पर्यटक मात्र आउने भएपनि पछिल्लो समय भारतदेखिका पर्यटकहरु भेडेटार पुग्नेवित्तिकै नमस्ते झरना पुग्ने गरेको उनी बताउँछन् ।

सामाजिक सञ्जाल र टिकटकमा भाइरल भएपछि झरना हेर्न आउनेको सङ्ख्या दैनिक बढिरहेको देख्न सकिन्छ ।

झरनाकै कारण यस क्षेत्रमा आर्थिक चहलपहल समेत निकै बढेको ६ बर्षको अवधिमा करिब एक दर्जन भन्दा बढी होटल खुलेका छन् । प्रत्येक होटलले दैनिक एक हजार देखि बीस हजार सम्म कारोवार गर्दै आएको स्थानीय होटल सञ्चालकहरुले बताउन् । पहिलेका तुलनामा होटलमा कारोवार फस्टाएपछि ब्यवसायी समेत निक्कै उत्साहित देखिएका छन् ।

झरनाको प्रवेशद्वार वरि परी साना ठूला गरी एक दर्जनभन्दा बढी होटल तथा लज सञ्चालनमा रहेका छन् ।

तल फेदबाट माथि हेर्दा फिल्ममा देखिने झरनाजस्तै भएकाले नमस्ते झरना हेर्न आउनेको सङ्ख्या दैनिकजसो बढिरहेको समेत उनले बताए ।

अन्य दिनभन्दा छुट्टिका दिनमा यहाँ घुम्न आउनेको सङ्ख्या बढी हुने गरेको पाइएको छ भने किशोरकिशोरी र युवा समूहले बढी अवलोकन गर्ने गरेका स्थानीयवासीको भनाइ रहेको छ ।

विशेषगरी शनिबार र सार्वजनिक बिदाको दिन झरना हेर्न, जलविहार गर्न आउनेको कारण उक्त क्षेत्रमा सवारीसाधन जाम समेत हुने गरेको स्थानीय दर्जनभन्दा बढी होटल तथा लज सञ्चालनमा रहेका छन् ।

भेडेटार बजारबाट करिब आठ किमि टाढा गए पछि नमस्ते झरना पुग्न सकिन्छ । धरान-धनकुटा सडकको उत्तर-पूर्वमा बग्ने सिसवा खोलाको शीरबाट झर्ने यो झरनालाई नमस्ते नाम दिइएको स्थानीय जानकारहरुको भनाई रहीआएको छ ।

त्यहाँ पुग्न कोशी राजमार्गको धरान-धनकुटा सडक खण्डबाट करिब दुई किलोमिटर पक्कि ढलान गरिएको खुड्किलो बाटो पैदल यात्रा तय गरेपछि नमस्ते झरना पुगिन्छ ।

रोहित ...

खुलेको छ । प्रकाश र सुजनले रोहितसँग गएका किशोरीलाई खुकुरी देखाएर लुटपाट गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले रोहितको हत्या भएको १२ दिनको अन्तरालमा गिरोहका मुख्य नाइके दिपकसहित तीन जनालाई पक्राउ गरी बिहीबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको थियो । यसअघि प्रहरीले लेटाङ नगरपालिका १ घर भएका ३५ वर्षीय दीपक तिम्सिना र धरान १४ का ३४ वर्षीय अनसन तामाङलाई पक्राउ गरेको थियो ।

साउन ५ गते बेलुका करिब ५ बजेतिर इटहरी उपमहानगरपालिका २० सेउती पुल नजिकको जङ्गलमा रोहित चौधरी र उनीसँगै रहेकी युवतीलाई लुटपाट गरेका थिए । लुटपाट गर्ने क्रममा रोहितले प्रतिकार गरेपछि लुटेरा समूहले उनलाई गोली हानेका थिए । घाइते भएका रोहितको सोही दिन बिपी कोइराला विज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएको थियो ।

यो घटना अनुसन्धान तथा प्रतिवाधि पक्राउका लागि सामाजिक सञ्जालमा व्यापक आवाज उठीराख्दा प्रहरीको अथक प्रयासमा कोशी प्रदेश प्रहरी कार्यालय, संघीय प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय इटहरीबाट संयुक्त टोली परिचालन गरिएपछि हत्या आरोपितहरुलाई पक्राउ पर्न प्रहरी सफल भएको हो ।

k|sfzs÷k|wfg ;Dkfbs M cflzif sdf/ ofbj
;Dkfbs M ;fgd rfw/L
sfglg ;Nnfxsf/ M ;'sbj] rfw/L
sfof{no M bxaL g=kf= – ^, ;g;/L
df] g+ M (*$@)@)&@!
dbs M rf}tf/L ckm;]6 k|];, 0g?jf–$
O{d]n M duhabinews@gmail.com

;Nnfxsf/ ;ldlt
खेमनारायण चौधरी, शंकर थापा, गौरीशंकर रौनियार, सुभाष अग्रवाल

सम्पादकीय

डेङ्गी ज्वरोबाट बच्न आवश्यक सावधानी अपनाऔं ।

वर्खायामको सुरुवात सँगै डेङ्गी रोगको संक्रमण सुनसरीको विभिन्न स्थानीय तहमा बढेकाले संक्रमणबाट बच्न र आवश्यक सवाधानी अपनाउन जरुरी देखिन्छ ।

स्थानीय तहको एकल प्रयासले मात्र यस महामारीलाई नियन्त्रणमा लिन सम्भब न हुने हुँदा सबैको साथ र सहयोगले मात्र यस महामारीबाट बच्न सकिन्छ ।

लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियानमा हामि सबै सहभागिता जनाई अगाडी बढे मात्र डेङ्गीबाट बच्न सकिन्छ । डेङ्गी ज्वरोबाट बच्ने उपाय पानी जम्ने टीनका डम्बाहरु थोत्रा टायरहरु खाली बट्टा, गमला, फूलदानीमा पानी जम्न नदिने, पानीका ट्याङ्कीमा लामखट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्ने, कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुई बिर्को मट्टीतेल हाल्ने र जम्मा भएको पानी फेर्ने जस्ता कार्य गरेमा यस महामारीबाट हामी निजात पाउन सक्छौं ।

यसकासाथै फूलदानीमा भएको पानी हप्ताको दुईपटक फेर्ने, लामाखुट्टेको टोकाइबाट बच्न लामो बहुला भएको लुगा लगाउने, दिउँसो सुत्दा झुलको प्रयोग गर्ने, घरको झ्याल ढोकाहरुमा जाली राख्ने, सुङ्गुर, बङ्गुर तथा हाँसहरु व्यवस्थित तरिकाले घरदेखि टाढा राखेर पाल्ने, घरवरिपरि भएका पानी जम्ने खाडलहरु पुर्ने र पानी जम्न नदिने, लामखुट्टे मार्ने विषादि प्रयोग गर्दा जनस्वास्थ्यमा प्रतिकुल असर पुग्ने हुँदा लामाखुट्टेको बासस्थान नष्ट गर्नुनै उतम उपाई रहेको मानिन्छ ।

डेङ्गी ज्वरोबाट संक्रमित भएको एडिस जातको लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग भएकाले यस रोगको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउने, शरीर दुख्ने, जस्ता लक्षण देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरि स्वास्थ्यकर्मीको परामर्श बमोजिम औषधि उपचारको बिधि अपनाउनु जरुरी देखिन्छ ।

देउवा र शेखर मिलेकै हुन् त ?

अनन्तराज न्यौपाने

नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक सकेर केन्द्रीय सदस्य डा. शेखर कोइराला विराटनगर आए, तीन दिन बसे, विभिन्न राजनीतिक र सामाजिक काममा सहभागी भए अनि काठमाडौँ फर्किए । यस पटकका कार्यक्रम र मन्तव्यमा पनि कोइरालामा पार्टी-नेतृत्वप्रति उहिलेजस्तो 'एग्रेसन' थिएन । शान्त, शालीन र सौम्य मुद्रामा उनले आफ्ना विचार व्यक्त गरे । गत आमनिर्वाचनपछि उनमा यस्तो अचानक परिवर्तन आएको अनुभव कार्यकर्ता र पर्यवेक्षकले गरेका छन् ।

कुनै बेलाका 'आगो' कोइराला यति वेला किन 'बरफ'झैँ प्रस्तुत भइरहेका छन् ? यस प्रश्नले अहिले कांग्रेसी, गैरकांग्रेसी सबैखाले जिज्ञासु र बुझक्कडलाई घोचिरहेको छ । कतिपय टिप्पणीकर्ता र मिडियाले त कोइराला देउवासित मिलिसकेको भन्ने हल्ला पनि फिँजाइरहेका छन् । यो कुरा हल्ला मात्र हो कि सत्य पनि हो भन्ने उत्तर चाहिँ समयक्रमले नै दिनेछ । तर यति वेलाका नरम र शालीन भनिएका कोइरालाले विधि, नियम र प्रक्रियाका मुद्दा भने अहिले पनि उठाइरहेको पाइन्छ ।

कांग्रेसका नेताबारे हल्ला र भ्रमहरू फिँजाइनु कुनै नौलो कुरा होइन । नेपालमा यो परम्परा नै भइसकेको छ । नेपालमा हरेक राजनीतिक परिवर्तन कांग्रेसकै अगुवाइमा सम्पन्न भएका छन् त्यसैले यसकै नेताका विषयमा बढी चर्चापरिचर्चा र हल्लाहरू हुनु स्वाभाविक हो । जस्तोकि, बीपी कोइरालाले भारतसित आजीवन समदुरीको सम्बन्ध बनाएर राजनीति गरे । हो, भारतीय राजनीतिदेखि राज्यसंयन्त्रसम्म उनका प्रशस्त मित्र र शुभचिन्तकहरू उपल्लो ओहदामा थिए । तर बीपी कहिल्यै प्रो इन्डियन भएनन् । यता नेपालका मिडिया, आलोचक र दरबारसम्मले बीपीलाई अराष्ट्रिय तत्त्व र भारतको दलाल भनेर दुष्प्रचार गर्न कहिल्यै छाडेनन् ।

बीपीलाई भारतको मात्र होइन कतिपयले अमेरिकाको एजेन्टसम्म भन्न भ्याए, जबकि बीपी जति महत्त्व प्रजातन्त्रलाई दिन्थे त्यत्तिकै राष्ट्रियतालाई । प्रजातन्त्र र राष्ट्रियता एक अर्काका समपूरक र परिपूरक हुन् भन्ने उनको मान्यता थियो । अरू त अरू समीक्षाका सम्पादक मदनमणि दीक्षितजस्ता पाका र बुज्रुक पत्रकारले समेत आफ्नो नियमित स्तम्भ 'मेरो देश मेरो संसार'मा बीपीका घाँटीमा सीआईएको ट्रान्समिटर छ भन्नेजस्ता फजुल कुरा लेख्न भ्याए । बीपी राष्ट्रिय एकता र मेलमिलापको रणनीति लिएर नेपाल फर्किएपछि पनि उनलाई पार्टीभित्रै प्रशस्त शंकाउपशंकाको सामना गर्नुपऱ्यो । पार्टीभित्रको ठुलो पङ्क्ति मेलमिलापका पक्षमा थिएन । बीपीले आफ्नै कार्यकर्तालाई कन्भिन्स गर्न धेरै मेहनत र समय लगाउनु परेको थियो ।

जनमत संग्रहमा बहुदलले हारेपछि पार्टीका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालालाई पनि पार्टीभित्र र बाहिर दुबै तर्फबाट प्रशस्त आक्रमण हुने गर्थ्यो । गणेशमानजी र किसुनजी वामपन्थी शक्तिसित मिलेर पञ्चायत ढाल्ने लाइनमा थिए भने गिरिजा यस पक्षमा थिएनन् । २०४१ साल लागेपछि गणेशमानजी सत्याग्रहका पक्षमा आफ्ना अभिव्यक्ति दिन थाले । यही बेला गिरिजाले राजा वीरेन्द्रसित भेट्न पाए । वीरेन्द्रले गिरिजालाई भनेछन्, 'तिमी पनि पञ्चायतको विकल्प खोज, म पनि खोज्छु ।'

यसपछि गिरिजा राजा वीरेन्द्रलाई विकल्पको कस्तो मोडल दिने भनेर कार्यकर्तासित छलफल गर्न देशदौडाहामा निस्किए । यता गणेशमानजीको रटान सत्याग्रहकै पक्षमा थियो । यस प्रकरणमा तत्कालीन प्रनेका (प्रतिबन्धित नेपाली कांग्रेस) स्पष्टतः दुई खेमामा बाँडियो- सत्याग्रह पक्ष र विकल्प पक्ष । यो बेला गिरिजाले आफ्नै कार्यकर्ताबाट धेरै अपमान र गाली पाउनुपऱ्यो । गिरिजा दरबार र पञ्चायतसित मिलिसकेका छन् भन्ने आरोप लाग्ने गर्थ्यो । त्यस बेला म कांग्रेसको विद्यार्थी राजनीतिमा सक्रिय थिएँ । म पनि गिरिजा त राजासित मिलिसकेका छन् भन्ने गर्थें । तर बुझ्दै जाँदा यथार्थ अर्कै रहेछ । भन्ने गरेको कुरा त भ्रमको खेती मात्र रहेछ । गिरिजाले विकल्प खोज्ने भनेको त पञ्चायतको विकल्प नै रहेछ, जुन प्रजातन्त्र बाहेक अर्को हुनै सक्तैनथ्यो । गिरिजा पञ्चायतसित कहिल्यै मिल्नै सक्तैनथे भन्ने कुरा त हामीले त्यस वेला बुझेकै रहेनछौँ ।

यति वेला पार्टीभित्र डा. शेखरले देउवासित मिलिसकेको भन्ने त्यस्तै आरोप र प्रचार खपिरहेका छन् । कोइराला परिवारमा बीपी र गिरिजालाई त नछाड्नेहरूले शेखरलाई किन बाँकी राख्थे ! यो प्रचार गराउने समूहमा गगन र विश्वप्रकाशका समर्थकहरू पनि देखिन्छन् । किनकि गगनको जुन प्रकारको उत्ताउलो, अस्वाभाविक र नसुहाउने खालको महत्त्वाकांक्षा छ, त्यसलाई शेखरले मात्र साइजमा ल्याउन सक्छन् । काठमाडौँमा कांग्रेस राजनीतिको गहिरो तहसम्म र कूटनीतिक क्षेत्रमा समेत रिपोर्टिङ गर्ने पत्रकारहरूले यही संसदमा प्रचण्डपछिको प्रधानमन्त्री डा. शेखर हुन् भन्ने आभास पाइरहेका छन् । त्यस्तै आगामी १५औं महाधिवेशनको सभापति पनि उनै हुन् भन्नेमा अधिकांश विश्वस्त देखिन्छन् । आफ्नो राजनीतिक भविष्यको ग्यारेन्टीको अनुभव गरेर हुनुपर्छ, डा. शेखरले उग्रताको बाटोलाई थाती राखेर सौम्य र शालीन मार्ग अपनाएका छन् । अनि यही विषयलाई नबुझेर र बुझ पचाएर अर्काथरी कांग्रेसीहरू देउवासित शेखर मिलिसके भन्ने हल्ला फिँजाइरहेका छन् ।

लम्पी स्किन, पीडामा पशुपालक किसान

पुण्य पी अधिकारी

दुहुना गाई, भैसीँ वा पाडाबाच्छा 'लम्पी स्किन' रोगका कारण भटाभट मर्दा त्यसको पीडा पशुपालक किसानलाई मात्र थाहा हुन्छ । पशुपालन व्यवसाय गरी दूध विक्री गर्दै आएका किसानले लैनो गाई वा भैंसी वा पाडाबाच्छा मर्दाको पीडा भक्कानिएर व्यक्त गर्न नसक्ने अवस्था छ ।

कृषि प्रधान देशमा किसान सबैभन्दा पीडित भएको जगजाहेर छ । यतिबेला मनाङबाहेकका पशुपालक किसानको टाउको दुखाइ लम्पी स्किन हो । रोगका कारण पालिएका पशुचौपाय आँखै अघि मर्दा किसानको मन चर्को अमिलो भएको छ । किसानको मन कुडिएको छ ।

तर, किसानको घाऊमा मल्हम लगाउन तीन ओटै तहका सरकार एकअर्कालाई देखाएर पन्छिएका छन् । लम्पी स्किनको उपचारका लागि पशुचौपायमा खोप लगाउन किसानको सिधा पहुँच पुग्दैन । जसका कारण धेरै किसानले पालेका पशुचौपाय मरेका छन् । जसका कारण किसान आर्थिक क्षति व्योर्होन बाध्य छन् । यो रोगका कारण हालसम्म देशभर ७ लाख ३० हजार बढी गाईभैंसी सङ्क्रमित भएका छन् । जसमध्ये ३० हजार बढी मरेका छन् । पशु सेवा विभागका अनुसार बाँकी गाईभैँसी लम्पी स्किनका कारण थला परेका छन् ।

तर, किसानले पालेका पशुचौपाय महामारीले सोत्तर हुँदा समेत राज्यले किसानको समस्यालाई उचित ढङ्गले सम्बोधन गर्न सकेको छैन । दीर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा नगर्ने तर नेपाल कृषि प्रधान देश भनिरहने शैलीले आज ठूलो संकट निम्त्याएको छ ।पशुसेवा विभागको भनाइलाई मान्ने हो भने हालसम्म सङ्क्रमित भएका पशुचौपाय र मरेका चौपायहरूका कारण २७ अर्ब २५ करोड रुपियाँ बराबरको क्षति भएको छ । किसानहरूका समस्याका विषयमा तारे होटलमा राज्यले गरेका छलफलका कारण समस्या पर्दा ति योजना तथा छलफलका निश्कर्ष बेकार सावित भएका छन् ।

पशु बीमा गरेका पशुपालक किसानलाई केही सहज भएपनि बीमा कम्पनीले बीमादावी भुक्तानी गर्ने हुन् वा होइन । त्यसको निर्शिचत राज्यले गर्न सकेको छैन । राज्य आँफैको कोभिड-१९ को महामारीका बेला कोभिड बीमा गराउन आवह्वान गरेको भएपनि अझै हजारौँ बीमितहरूले बीमा रकम पाएका छैनन् ।

किसान र किसानका समस्यालाई नीति निर्माता तथा देश चलाउनेहरूले प्राथमिकतामा नराख्दा किसान पीडित हुनु परेको छ । लम्पी स्किन रोग नियन्त्रणका लागि समयमै राज्यले उचित कदम नचाल्दा अहिले रोगले महामारीको रूप लिएको छ । तीन तहका सरकार हुँदा समेत महामारी र संकटमा समयमा सरकारले किसानको समस्यालाई सम्बोधन गर्न नसकेको खण्डमा राज्यप्रति नै आम नागरिकको विश्वास हराएर जाने छ ।

राशिफल

मेष :सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ । लगनशीलताले महत्वपूर्ण काम दिलाउन सक्छ। मानसम्मान पनि पाइनेछ ।

वृष : अध्ययन अध्यापनमा प्रगति हुनेछ। बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बनाउन सकिनेछ। रमाइलो यात्राको योग रहेको छ ।

मिथुन : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। दिगो फाइदा हुने काम शुभारम्भ गर्ने अवसर जुट्नेछ ।

कर्कट : आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ। खर्च भए पनि विभिन्न अवसरले पछ्याउनेछन्। मेहनत गर्दा अवसर भने पाइनेछ।

सिंह : नयाँ व्यवसाय सुरु गर्ने मौका छ। महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। पारिवारिक भेटघाटले प्रसन्नता मिल्नेछ ।

कन्या :प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ। श्रमको उचित मूल्य पाइनुका साथै आम्दानी पनि बढ्नेछ।

तुला : रमाइलो यात्राको अवसर जुट्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ। अप्ठ्यारा कामको बोझ थपिने सम्भावना छ ।

वृश्चिक : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। व्यवसायमा लगानी बढाउने मौका जुर्न सक्छ। असन्तुलित खानपानले पेटको समस्या आउने समय छ ।

धनु : प्रशंसकहरू बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। प्रतिस्पर्धीहरूलाई सजिलै वशमा ल्याउन सकिनेछ। सहयोगीहरू जुट्नाले व्यवसायबाट प्रशस्त फाइदा उठाउने मौका छ ।

मकर : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ। प्रतिष्ठित कामको जिम्मेवारी पाइनेछ ।

कुम्भ : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। व्यापार ब्यबसायबाट लाभ मिल्नेछ ।

मीन : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। समुदायको हितमा गरिएका कामको तारिफ हुनेछ।

कविता

ltdL o;f]ug{

dgf lji6
दुहबी-३, सुनसरी

तिमी थोरै चर्को बोलिदिनु म नया स्वरूप लिएर आउछु
मलाई राम्रो सम्झी भोट दिनु म मनमनै रमाउछु ॥

तिमी मेर एक दुई गलत कुरा फेला पार्नु
म तिमिलाइ पैसाको बिटो दि चुप लगाउछु
फेरि सबैका अगाडि राम्रो बनी उभिन्छु ॥

तिमी सरकार बनाए जस्तो गर म भित्र भित्रै रणनीति बना
ढलाउछु
एक दुई महिना तिमी चलाउ एक दुई बर्ष म चलाउछु ॥

तिमी सुन न देखे झै गर्देउ म अनुगमन गरे झै गर्छु
सुनलाई सुन होइन फलाम र पित्तल हो भनिदिन्छु॥

तिमी कराए जसो गर्नु म कानमा तेल हालेर बस्छु
जनताको कुरा के सुन्नु बरू ब्क्ष खोली सिरक ओडेर सुत्छु ॥

तिमी मेरो बिरोधको गित गाए जस्तो गरिदिनु
म त्यही गितमा जनतालाई न चाइदिन्छु ॥

तिमी देशप्रेमी नेता हुन भनी गुणगान गाइदिनु
म सुटुक्क देश नै बेचिदिन्छु ॥

स्वागत छ...
मिठो स्वादलाई
Healthy Life लाई
Hello
Refined Sunflower Oil

पाठक वर्गमा अनुरोध

आफ्नो लेख रचना कविता तथा १० कक्षा मूनिका बालबालिकाको जन्मदिन परेमा तलको मेल आइडिमा पठाइदिनुहुन अनुरोध छ। निशुल्क प्रकाशन गरिने छ। duhabinews@gmail.com

समाज रुपान्तरणका लागि पत्रकारिता
दुहबी टाईम्स साप्ताहिक
खोजी खोजी पढौं

8]+'sf] ;+qmd0faf6
aRg :jf:Yo
k|f]6f]snsf] kfngf
u/f}+

समाज रुपान्तरणका लागि पत्रकारिता
दुहबी टाईम्स साप्ताहिक
द्वारा जनहितमा जारी

Kwality
Better Health, Better Life
Since 1985
मुखै रसाउने क्वालिटीको नयाँ उत्पादनहरु
Tradition®
Biscuit
Tradition
Salt & Sweet Taste Biscuits
Butter Cracker Biscuits

भारतीय कम्पनी बायजूसको आकाश छुने सफलता र पाताल भासिने असफलता

BYJU'S
The Learning App

विश्वभरका कम्पनीमा लगानी गर्ने अन्तर्राष्ट्रिय समूह प्रोससले भारतको शिक्षा सम्बन्धीको प्रविधि कम्पनी बायजूसको मुल्यांकन घटाएर ५.१ अरब डलर कायम गरेको छ ।

सूचना प्रविधिसँग जोडिएका स्टार्ट-अफ कम्पनीमा लगानी गर्ने नेदरल्याण्डमा सूचिकृत विश्वकै ठूलो कम्पनी प्रोससले बायजूसको मुल्यांकन ७५ प्रतिशत घटाएको हो । समाचार संस्था रोयटर्सका अनुसार बायजूसको मुल्यांकन यसअघि २२ अरब डलर थियो । प्रोसस बायजूसको सबैभन्दा ठूलो लगानीकर्ता हो ।

अमेरिकाको एउटा अदालतमा ऋण सम्बन्धी मुद्दामा अल्झिएको बायजूसले भारतमा कटौती गरिरहेको छ ।

केही दिनअघि मात्रै कम्पनीको अडिटर डेलाइट हास्किन्स एन्ड सेल्सले जिम्मेवारी छाडेको थियो । जो सन् २०२५ सम्मका लागि भनेर अडिटर नियुक्त भएको थियो । आर्थिक वर्षा २०२१-२२ को वित्तीय विवरण नै प्राप्त गर्न नसकेको भन्दै डेलाइट हास्किन्स एन्ड सेल्सले पत्र पठाउँदै जिम्मेवारी छाडेको बतायो ।

अडिटरले जिम्मेवारी छाडे पनि कम्पनीले लगानीकर्ताहरुलाई सेप्टेम्बरमा सन् २०२२ सम्मको र डिसेम्बरमा सन् २०२३ को आम्दानी र खर्चको विवरण प्रस्तुत गर्ने प्रतिबद्धता जनाएको थियो ।

बायजूसले ५ वर्षका लागि एमएसकेए एन्ड एसोसिएट्सलाई नयाँ अडिटर नियुक्त गरेको छ ।

भारतको अंग्रेजी पत्रिका द हिन्दु बिजनेशका अनुसार बायजूसमाथि कर्मचारीहरुले सञ्चय कोषमा रकम जम्मा नगरेको आरोप लगाएका थिए ।

त्यसपछि बायजूसको मातृ कम्पनी थिन्क एन्ड लर्न प्रालिले २०२३ मेसम्मको १० महिनाको सञ्चयकोष जम्मा गरेको थियो ।

त्यतिबेला १२३ करोड भन्दा धेरै रकम जम्मा गरेको कम्पनीले सञ्चय कोषको ३ करोड ४३ लाख रुपैयाँ केही दिनमा जम्मा गर्छु भनेको थियो ।

अर्को अंग्रेजी अखबार द इकोनोमिक टाइम्सका अनुसार बायजूसको बोर्डमा रहेका ३ जना सञ्चालकले राजीनामा दिएका छन् । जस अनुसार पीक एक्सवी पार्टनर्सका जीवी रविशंकर, चैन जुकरबर्गका विवियन वू र प्रोससका रसेल ड्रेसेनस्टाकले राजीनामा दिएका हुन् । तर बायजूसले यो खबरको खण्डन गरेको छ ।

बायजूस संस्थापक शेयरधनीको विद्रोह रोक्ने र लगानीकर्तासँगबाट थप लगानी जुटाउने कोसिसमा छन् । उ नयाँ लगानीकर्ताबाट १ अरब डलर जुटाउने अभियानमा रहेको अमेरिकी सञ्चार माध्यम ब्लूमबर्गले दाबी गरेको छ ।

भारतीय अंग्रेजी अखबर मिन्टमा प्रकाशित एक समाचार अनुसार बायजूस ले जुनमै मात्रै १ हजार कर्मचारीलाई जागिरबाट निकालेको छ। पोहोर मात्र कम्पनीबाट ३ हजारले रोजगारी गुमाएका थिए। अहिले कम्पनीमा ५० हजार बढी कर्मचारी छन् ।

